☎ ०७१-५५१२१६
सचिवः ९८५७०७५६६६
सूचना अधिकारीः ९८५७०७५१५७

लुम्बिनी प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

राप्ती उपत्यका(देउखुरी ), नेपाल

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

मितिः २०८०/०३/०३

प.सं.: ०७९/०८०

च.नं. ११३२

विषय : परिपत्र।

श्री डिभिजन वन कार्यालयहरु सबै ।

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश सरकारको आर्थिक बर्ष २०८०।०८१ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०८० को दफा १३ मा **वन पैदावार तथा वनक्षेत्रको नदिजन्य पदार्थको शुल्क बाँडफाँडसम्बन्धी बिशेष व्यवस्था** तुरुन्त प्रारम्भ हुने भन्ने भएकाले सोहि अनुसार आवश्यक व्यवस्था मिलाउनु हुन मिति २०८०।०३।०३ को (सचिवस्तरिय) निर्णायानुसार अनुरोध छ ।

........ ०८०।०३।३

(केशर खड्का)
अधिकृत छैटौं(प्रा.)
बजेट कार्यक्रम तथा योजना शाखा

प्रदेश सरकारको सोंच "समृद्ध लुम्विनी, आत्म निर्भर प्रदेश" इमेलः
mofesc.planning@gmail.com,
वेबः moitfe.lumbini.gov.np

## प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त कर, शुल्क र दस्तुर लगाउने तथा राजस्व सङ्कलन, बाँडफाँट र राजस्व प्रशासनसम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

लुम्बिनी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०८०" रहेको छ।

(२) यो ऐनको दफा १२ र १३ तुरून्त प्रारम्भ हुनेछन् र अन्य दफाहरू संवत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन्।

२. **घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्कः** (१) प्रदेशभित्र घर, जग्गा र घरजग्गा लगायतको रजिष्ट्रेशन गर्दा अनुसूची-१ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क लगायतका शुल्क तथा दस्तुर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको सङ्कलन घरजग्गा लगायतको रजिष्ट्रेशनका बखत सम्बन्धित स्थानीय तहले गर्नेछ। प्रदेश तथा स्थानीय तहमा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म संघीय आर्थिक ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालयले यस ऐन बमोजिमको शुल्क उठाई अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम प्रदेश सञ्चित कोष र सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय राप्ती उपत्यका (देउखुरी) नेपाल

मा. मन्त्री

२०८० साल चैत्र मसान्तसम्म दर्ता इजाजतपत्र प्राप्त गर्न वा नवीकरण गर्नको लागि अनुसूची-५ बमोजिमको दर्ता इजाजतपत्र शुल्क वा नवीकरण शुल्क दाखिला गरेमा लाग्ने जरिवाना मिनाहा गरी त्यस्ता पर्यटन व्यवसाय तथा पर्यटन व्यवसायीले सम्बन्धित पर्यटन डिभिजन कार्यालयबाट पर्यटन व्यवसाय दर्ता इजाजतपत्र प्राप्त गर्न वा नवीकरण गर्न सक्नेछन्।

१३. **वन पैदावार तथा वनक्षेत्रको नदीजन्य पदार्थको शुल्क बाँडफाँटसम्बन्धी विशेष व्यवस्थाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएका प्रदेशका सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम वनक्षेत्रबाट निकालिएका साल प्रजातिको काठ उपभोक्ता समूहले आफ्ना सदस्यलाई बिक्री वितरण गर्दा प्राप्त हुने रकममध्ये पच्चीस प्रतिशत वन पैदावार शुल्क वापतको रकम नियमित रूपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

(२) राष्ट्रिय वन क्षेत्रमध्ये प्रदेशका सामुदायिक वनक्षेत्रमा रहेका खोला खोल्सीको व्यवस्थापन गर्दा प्रचलित कानून बमोजिम उत्पादन तथा सङ्कलन हुने नदीजन्य पदार्थको बिक्री वितरण गर्दा त्यस्तो बिक्रीबाट प्राप्त हुने शुल्कमध्ये दश प्रतिशतले हुन आउने रकम सम्बन्धित डिभिजन वन कार्यालयले त्यस्तो सामुदायिक वन उपभोक्ता समूहको खातामा जम्मा गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सङ्कलन तथा बाँडफाँट भएको शुल्कको एकीकृत विवरण सम्बन्धित डिभिजन वन कार्यालयले

मा. मन्त्री

तालुक मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा मासिक रूपमा पठाउनु पर्नेछ।

१४. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः** प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद् तथा महामारीको कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा आर्थिक मामिला मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएका बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

१५. **प्रदेश सरकारले तोके बमोजिम हुनेः**- यस ऐनमा उल्लेख नभएका तर प्रदेश सरकार अन्तर्गतका निकायबाट प्रदान गरिने सेवा वापत लिइने शुल्क तथा दस्तुर लगायतका विषयमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ।

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) नेपाल

मा. मन्त्री